# बैठक नं.९८

आज मिति २०७८ साउन १४ गते बिहीबार विहान ८:०० बजे यस कीर्तिपुर नगरपालिकाका नगर प्रमुख श्री रमेश महर्जनज्युको अध्यक्षतामा, नगर कार्यपालिकाको बैठक, वडा नं. १० स्थित नगरपालिकाको सभाकक्षमा देहाय बमोजिमको उपस्थितिमा बसी निम्न बमोजिमका निर्णयहरु गरियो।

| सि.न. | पद | नाम, थर | दस्तखत |
|---|---|---|---|
| १ | अध्यक्ष, प्रमुख | श्री रमेश महर्जन | |
| २ | सदस्य, उपप्रमुख | श्री सरस्वती रिजाल (खड्का) | |
| ३ | सदस्य, अध्यक्ष वडा न. १ | श्री हर्ष महर्जन | |
| ४ | सदस्य, अध्यक्ष वडा न. २ | श्री रमेशमान डंगोल | |
| ५ | सदस्य, अध्यक्ष वडा न. ३ | श्री राजेन्द्र महर्जन | |
| ६ | सदस्य, अध्यक्ष वडा न. ४ | श्री राजेन्द्र बानियाँ | |
| ७ | सदस्य, अध्यक्ष वडा न. ५ | श्री राजेन्द्र कुमार महर्जन | |
| ८ | सदस्य, अध्यक्ष वडा न. ६ | श्री न्हुच्छे बहादुर महर्जन | |
| ९ | सदस्य, का.अध्यक्ष वडा न. ७ | श्री महेश्वरी माली | |
| १० | सदस्य, अध्यक्ष वडा न. ८ | श्री विनोद महर्जन | |
| ११ | सदस्य, अध्यक्ष वडा न. ९ | श्री गंगाराम महर्जन | |
| १२ | सदस्य, अध्यक्ष वडा न. १० | श्री अमन महर्जन | |
| १३ | सदस्य | श्री नन्ददेवी महर्जन | |
| १४ | सदस्य | श्री राजु मिजार | |
| १५ | सदस्य | श्री राजेन्द्र तोलाङ्गे | |
| १६ | सदस्य | श्री सरस्वती परियार | |
| १७ | सदस्य | श्री सानु मिजार | |
| १८ | सदस्य | श्री सुनीता नकर्मी | |
| १९ | सदस्य | श्री सुमन पोखरेल | |
| २० | सदस्य | श्री संगिता श्रेष्ठ (उप्रेती) | |
| २१ | सचिव | श्री कृष्णप्रसाद सापकोटा | |
| आमन्त्रित व्यवस्थापन कर्मचारीहरु: | | | |
| १ | लेखा अधिकृत | श्री प्रविन कुमार शाही | |
| २ | सचिवालय | श्री संजिता लामा | |

## निर्णय नं.१

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १३ अन्तर्गत स्थानीय तहले आफ्नो क्षेत्रभित्रको निर्माणकार्य तथा अन्य सेवाको प्रयोजनका लागि निर्माण सामग्री, ज्याला, भाडा तथा महसुलको स्थानीय न्युनतम दररेट तोक्नुपर्ने व्यवस्था भएकोमा चालु आ.व. २०७८/०७८ को लागि काठमाडौं जिल्लाको जिल्ला दररेट निर्धारण समितिले निर्धारण गरेको न्यूनतम दररेटलाई नै आधारमा कीर्तिपुर नगरपालिकाको हकमा समेत कार्यान्वयन गर्ने गराउने निर्णय गरियो ।

## निर्णय नं.२

कीर्तिपुर नगरपालिका वडा नं.१ को वडा कार्यालयको प्रशासकीय भवन हालसम्म पनि व्यवस्थित नभएको कारणले वडाका सेवा ग्राहीहरुलाई चुस्त दुरुस्त सेवा दिन नसकेको र उक्त कार्यालय कीर्तिपुरको मूख्य दरबार क्षेत्रमा रहेकोले पुरातात्विक तथा ऐतिहासिक झल्किने प्रशासकीय भवन निर्माणका लागि जिल्ला समन्वय समिति, काठमाडौंमा लागत सहभागितामा उक्त वडा कार्यालयको प्रशासकीय भवन निर्माणका लागि आवश्यक बजेट व्यवस्थापनका लागि अनुरोध सहित पत्राचार गर्ने निर्णय गरियो ।

## निर्णय नं.३

यस नगरपालिकाको कार्यालयबाट आ.ब. २०७७/२०७८ मा शाखा/उपशाखा/ईकाइबाट सम्पादन भए गरेका कार्यहरुको बार्षिक प्रगति समिक्षा कार्यक्रम मिति २०७८ साउन २९ गते आयोजना गर्ने निर्णय गरियो ।

## निर्णय नं.४

श्री अख्तियार दुरुपयोग अनुसन्धान आयोग, महाशाखा नं. १ टंगाल ,काठमाण्डौको प.स.१-वन सं. २६३/२०७७/०७८ च.न. २२९८८ मिति २०७८/०२/१० को पत्रको व्यहोरा बैठकमा वाचन भयो । सो सम्बन्धमा चम्पादेबी सामुदायिक वन उपभोक्ता समूहको सहमति र वडा कार्यालयको सिफारिस समेतका आधारमा वडा नं. ४ अन्तर्गतको चम्पादेबीमा नगरपालिकाको निर्णयानुसार योजना स्विकृत गरी वडा कार्यालयको रोहवरमा गठीत उपभोक्ता समिति मार्फत बाटो निर्माण भएकोमा उजुरीमा उल्लेख भए जस्तो वन फडानी नभएको, ढुङ्गा, काठ, दाउरा बिक्रि बितरण नभएको यथास्थानमा नै रहेको, योजना संचालन गर्दा वन क्षेत्रको न्युन भन्दा न्युन क्षतिमा गरिएको र सामुदायिक वन समूहले सो क्षेत्रमा आवश्यकता अनुसार रैथाने जातका बोट बिरुवा वृक्षारोपण गर्दै जाने र जडिबुटी खेति पहिचान गरी समूहगत रुपमा आयआर्जन गर्न सकिने भनि निर्णय

समेत गरेको देखिएकोले वन क्षेत्रको बिनास हुन नदिन नगरपालिका र वन समूह स्वंयम सचेत र चिन्तित रहेको हुँदा वडाबासीहरुको माग र निजहरुको उल्लेख्य सहभागितामा योजना सम्पन्न समेत भैसकेकोले उजुरीकर्ताले उजुरीमा भने जस्तो कार्य नभएको देखिएकोले सोही व्यहोरा सम्मानित आयोगमा जानकारीका लागि लेखि पठाउने निर्णय गरीयो ।

**निर्णय नं.५**

श्री अख्तियार दुररुपयोग अनुसन्धान आयोग, टंगाल ,काठमाण्डौको प.स.२- भूमी/९८७/०७६-७७ च.न. Div- 2 १५०६३ मिति २०७६/१०/२२ को पत्रको व्यहोरा बैठकमा वाचन भयो । सो सम्बन्धमा ६ नं. वडा कार्यालयबाट नगरपालिकालाई प्राप्त राय प्रतिक्रिया,अमिन प्राबिधिकले पेश गरेको प्रतिबेदन उपर बैठकमा छलफल गर्दा उक्त स्थानमा पर्खाल बनाउदा सो स्थानमा रहेको सार्बजनिक जग्गा नगरपालिकाबाट प्राबिधिक नापजाच गरी सो को एकिन गरी तारबार लगाएर संरक्षण गरेको, खोला छेउमा पर्खाल लगाई सकेपछि पर्खालको छेउबाट १३ फिट छोडेर मात्र आफ्नो निजि जग्गामा सिमाना लगाएको र सार्बजनिक जग्गा सम्म जानको लागि निजको निजि जग्गाबाट नै बाटो कायम समेत गरिदिएको देखिएकोले सम्मानित आयोगमा सोही व्यहोरा जानकारीका लागि लेखि पठाउने निर्णय गरीयो ।